नेपाल सरकार ☎०४४-५५०६७५

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

## सूची दर्ता गराउने सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०७३।०३।१५

यस नगरपालिकाको लागि आ.व.०७३।०७४ मा आवश्यक पर्ने तपसिल बमोजिमका मालसामान खरिद गर्न सेवा मर्मत, निर्माण, परामर्श सेवा, छपाई कार्य गर्न सेवा मर्मत, निर्माण, परामर्श सेवा, लेखापरीक्षण सेवा, छपाई कार्य गर्न, सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ को उपनियम १ देखि ५ सम्मको प्रयोजनको लागि छुट्टाछुट्टै मौजुदा सूची (Standing List) तयार गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र फर्म दर्ता, मु.अ.कर दर्ता, आ.व.०७१।७२ को कर चुक्ता प्रमाणपत्र सहित रु.१०।- को टिकट टाँसी नियमानुसार निवेदन दर्ता गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | विवरण |
|---|---|
| १ | स्टेशनरी तथा मसलन्द सामानहरु, छपाई |
| २ | फर्निचर तथा फिक्चर्स, पार्टिसन |
| ३ | सवारी साधन पार्ट पुर्जा तथा मर्मत सम्बन्धि |
| ४ | इलेक्ट्रीक, उपकरण मर्मत |
| ५ | संस्थागत करार सेवा लिने सम्बन्धमा |
| ६ | सफ्टवेयर निर्माण |
| ७ | कम्प्युटर, फोटोकपी प्रिन्टर तथा विधुतिय सामान खरिद सम्बन्धि |
| ८ | निर्माण कार्य |
| ९ | विविध परामर्श |
| १० | सुरक्षा तथा सरसफाई कार्य |
| ११ | मोटरसाईकल आपुर्ति |
| १२ | पत्रपत्रिका आपुर्ति सम्बन्धमा |
| १३ | अन्य मर्मत सम्भार |
| १४ | खानेपानी आपुर्ति |
| १५ | विभिन्न फ्लेक्स तथा टिसर्ट, क्याप आपुर्ति |
| १६ | भवन निर्माण तथा मर्मत सम्भार कार्य गर्ने |
| १७ | विज्ञापन तथा सूचना प्रकाशन सम्बन्धि कार्य गर्ने |
| १८ | जार तथा ट्याँकरको पानी आपुर्ती कार्य गर्ने |
| १९ | कम्प्युटर तथा अन्य प्रशासनिक तालीम प्रदानको कार्य गर्ने |
| २० | सवारी साधन मर्मत तथा सम्भार गर्ने |
| २१ | श्रव्य/दृश्य डकुमेन्ट्री सबन्धि कार्य गर्ने |
| २२ | तथ्याँक तथा विवरण सम्बन्धि कार्य गर्ने |
| २३ | किताव तथा अन्य प्रकाशन आपुर्ती गर्ने |
| २४ | ईन्जिनियरीङ,कन्सलटेन्सि तथा परामर्श सेवा गर्ने |
| २५ | लेखापरीक्षण सेवा |
| २६ | अन्य विविध कार्य |

शर्त तथा अन्य जानकारी

१.फर्म/संस्था/कम्पनीले जुन कार्य गर्न इजाजत प्राप्त गरेको हो सोही कार्यको लागि मात्र सूचि दर्ता गराउनु पर्नेछ ।

२. एकभन्दा बढी कार्यका लागि सूची दर्ता गराउन चाहनेले छुट्टाछुट्टै निवेदन दर्ता गराउनु पर्नेछ । एउटै निवेदन एकभन्दा बढी कार्य उल्लेख गरिएमा त्यस्तो निवेदन अमान्य हुनेछ । ३. म्याद नाघी प्राप्त भएको, माग गरिएका कागजपत्रहरु संलग्न नभएको वा रित नपुगेको निवेदन उपर कुनै कारवाही गरिने छैन ।४. सम्पर्कको लागि सम्पर्क व्यक्तिको नाम ,पत्राचार गर्ने ठेगाना, मोबाइल नं. र टेलिफोन नं. निवेदनमा अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ । ५. प्राप्त निवेदनहरु सूचीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बर्दिबास नगरपालिकामा निहित रहनेछ ।

६. सूचीकृत भएकाहरुको कार्य संतोषजनक नभएमा सूचीबाट हटाउन सकिनेछ । यस उपर कुनै दावि विरोध गर्न पाइने छैन ।

७.सूचीकृत गरिएका फर्म/संस्था/कम्पनीहरुको नामावली यस नगरपालिकाको सूचना पाटी तथा वेवसाइट www.bardibasmun.gov.np मा हेर्न सकिने छ । यस अनुसार तयार गरिएको सूची आ.व.२०७३।०७४ को लागि मात्र मान्य हुनेछ ।

कार्यकारी अधिकृत